बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि विकास कार्यालय

सिन्धुली

# अदुवाको गानो कुहिने रोग (Rhizome Rot)

अदुवाको गानो कुहिने रोग बीउ गानो तथा माटोको माध्यमवाट सर्दछ । २५- ३५ डिग्री सेन्टिग्रेडको तापक्रम, लामो समय सम्म सिमसिमे पानी परेको तथा पानी जमेको अवस्था यो रोगको लागि अनुकूल हुन्छ । कुहिएको भागले अरु ब्याक्टेरिया, ढुसी तथा किराहरुलाई आकर्षित गर्छ । वर्षातको समयमा यो रोग छिटै फैलिन्छ ।

**रोगको लक्षणः**

- बोटको पातको टुप्पोबाट पहेंलिदै जाने, बोट लड्दैन तर पहेंलेन्छ र मर्दछ ।
- गानो र डाँठ जोडिएको भागमा पानीले भिजेको जस्तो भएर गिलो हुँदै जाने र बिरुवा तान्दा सजिलै पातसँग छुट्टिएर आउँछ भने गानो जमिनमै छोडिन्छ ।

**व्यवस्थापनः**

- पानी जम्न नदिई निकासको राम्रो व्यवस्था मिलाउने
- नाइट्रोजन युक्त मलको बढी प्रयोगले रोगको प्रकोप बढ्छ । त्यसैले रासायनिक मलको प्रयोग सन्तुलित मात्रामा गर्ने र कम्पोष्ट मलको प्रयोगमा बढी जोड दिने गर्नुपर्दछ ।
- प्रारम्भिक लक्षण देखिना साथ कार्बेन्डाजिम ५०% WP @ २ ग्राम प्रति लिटर पानीमा मिसाई रोगी विरुवा तथा त्यसको वरपरका बिरुवाहरु र माटो समेत भिज्ने गरी उपचार गरेमा रोग फैलिने क्रमलाई कम गर्न सकिन्छ ।
- छहारी भएको ठाँउमा रोगको प्रकोप बढी हुने भएकोले हल्का मात्र छहारी दिने बिरुवाहरु अन्तरबालीमा लगाउन सकिन्छ ।
- रोग लागेको जमिनमा पुनः अदुवा नलगाउने, ढुसीको जीवाणु माटो वा रोगी गानो/ डाँठमा २ वर्ष सम्म जीवित रहन सक्ने हुदाँ अनिवार्य वाली चक्र अपनाई ३ वर्षमा एक पटक मात्र अदुवा लगाउने
- ट्राइकोडर्माबाट बीउ उपचार एवं माटो उपचार गर्न सकिन्छ ।
- बोटहरू गाना कुहिने रोगबाट संक्रमित भएका छन् भने (मेटालक्सिल ८% + म्यानकोजेब ६४%) विषादी १ ग्राम अथवा अन्य विषादीहरू (कार्बेन्डाजिम १२% + म्यानकोजेब ६३%) २ ग्राम विषादी प्रति लिटर पानीका दरले तयार परिएको घोलले जरा सम्म भिज्ने गरी ड्रेन्चिङ गर्ने ।



चित्र : अदुवाको गानो कुहिने रोग

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली